# केदारस्यूँ गाउँपालिकाको आपतकालीन बालकोष सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०२।२७

केदारस्यूँ गाउँपालिका भित्र आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि नेपालको संविधान २०७२ को भाग १८ अर्न्तगतको धारा २२६ बमोजिम गाउँसभाले स्थानिय तहको अधिकार क्षेत्रसँग सम्बन्धीत विषयमा कानून बनाउन सक्ने व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ मा भएको थप व्यवस्था अनुसार, नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६ बालअधिकार तथा बालकल्याण सम्बन्धी संस्थागत व्यवस्था अर्न्तगतको दफा ६३ बाल कोष को उपदफा (१) बमोजिम बालबालिकालाई तत्काल उद्धार, राहत र पुनस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्नेकाम समेतका लागि एक बाल कोष रहने मर्म बमोजिम स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी बालबालिकाको हितकालागि परिचालन गर्न केदारस्यूँ गाउँकार्यपालिकाले गाउँपालिका स्तरीय आपतकालीन बाल कोषको स्थापना गर्ने भनी गरेको निर्णय बमोजिम उक्त कोष सञ्चालन गर्न देहाय बमोजिमको कार्यविधि २०८० स्वीकृत गरी लागु गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम "केदारस्युँ गाउँपालिकाको आपतकालिन बाल कोष संचालन कार्यविधि २०८०" रहेको छ ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागु हुनेछ ।

## २. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "कोष" भन्नाले यस कार्यविधिको ३ नं. बुदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँपालिका स्तरीय आपतकालिन बाल कोष सम्झनुपर्दछ ।

ख) गाउँपालिका स्तरीय बाल अधिकार समिति भन्नाले गाउँपालिका भित्र गठित बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिलाई बुझ्नुपर्दछ ।

ग) "वडा कार्यालय" भन्नाले गाउँपालिका भित्रका वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

घ) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले कार्यविधि ११ नं. बुंदामा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

ङ) "सञ्चालन समिति" भन्नाले कार्यविधि ६ नं. बुंदामा उल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

## ३. आपतकालिन बालकोषका उद्वेश्य :-

क) आपतकालिन तथा जोखिमका अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने,

ख) आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

ग) आपतकालिन तथा जोखिममा रहेका बालकालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचारमा सहयोग गर्ने,

ङ) आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालअधिकार संरक्षण र सम्बर्द्धनको सुविश्चतता गर्ने,

४. **कोषको स्थापना :**

१) केदारस्यूँ गाउँपालिका अर्न्तगतको गाउँपालिका स्तरीय बाल अधिकार समिति र वडा स्तरीय बाल अधिकार समिति को बैठकबाट तथा वल्डभिजनको सहयोगमा जोखिम वा आवतकालीन अवस्थामा रहेका वडा तथा गाउँपालिका भित्रका बालबालिकाको संरक्षण गर्न आपतकालिन बाल काषको स्थापना गरियको छ ।

२) बाल कोषमा देहाय बमोजिमको रकम हुनेछ ।

क) केदारस्यूँ गाउँपालिकाले यस कोषमा जम्मा गरेको रकम ।

ख) वडाले यस कोषमा जम्मा गरेको रकम ।

ग) विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम ।

घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

५. **कोषमा रकम जम्मा गर्न सक्ने :** बलबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही गाउँपालिका र वडा कार्यालयसँग सहकार्य गर्न चाहने अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरु र इच्छाएको व्यक्तिले रकम कोषमा जम्मा गर्न सक्ने छन् ।

६. **सञ्चालक समितिको गठन :** कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको गाउँपालिका तथा वडा सञ्चालन समिति रहनेछ ।

१. गाउँपालिका आपतकालिन बाल कोष सञ्चालन समिति

| | |
|---|---|
| क) उपाध्यक्ष वा निजले तोकेको गाउँकार्यपालिकाको सदस्य | संयोजक |
| ख) गाउँपालिका स्तरीय बालअधिकार समिति संयोजक | सदस्य |
| ग) गाउँपालिका स्तरीय बालअधिकार समितिको प्रतिनिधि | सदस्य |
| घ) गाउँपालिका स्तरीय बाल सन्जाल प्रतिनिधि | सदस्य |
| ङ) गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख तथा बाल कल्याण अधिकारी | सदस्य सचिव |

२. वडा सञ्चालक समिति

| | |
|---|---|
| क) वडा स्तरीय बालअधिकार समिति संयोजक | संयोजक |
| ख) वडा स्तरीय बालअधिकार समितिवाट मनोनित महिला सदस्य | सदस्य |
| ग) वडा स्तरीय बालक्लव सञ्जालले मनोनयन गरेको प्रतिनिधि | सदस्य |
| घ) समाजसेवी तथा सहकारी प्रतिनिधि | सदस्य |
| ङ) सम्बन्धीत वडाको सचिव | सदस्य सचिव |

७. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :-** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने ।

ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने ।

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।

ङ) बाल संरक्षण समितिसँग मिलेर जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने ।

च) गाउँपालिका र वडाले दिएको निर्देशन पालन गर्ने ।

छ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ।

ज) कोष वृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

झ) प्रत्येक ६ महिनामा कार्यप्रगति गाउँपालिका, वडा कार्यालयमा पेश गर्ने ।

ञ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी गाउँपालिका, वडा कार्यालय, गाउँपालिका तथा वडा बाल अधिकार समितिमा पेश गर्ने ।

ट) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि आवश्यक काम गर्ने ।

ठ) कोषको वृद्धि सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

८. **सञ्चालक समितिले गर्न नहुने कामहरु :** सञ्चालक समितिले देहायका काम गर्न गराउन हुदैन ।

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न ।

ख) आपतकालिन अवस्थाका बालबालिकाको तत्काल उद्दार तथा संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

९. **सञ्चालक समितिको बैठक :** आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि गाउँपालिका बाल संरक्षण तथा सम्बर्द्धन समितिको कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयाजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले प्रमाणीत एवं अद्यावधिक गरी राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान गाउँपालिका तथा वडा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन समितिको कार्यालयमा रहनेछ ।

१०. **लेखा परीक्षण :-** केदारस्यूँ गाउँपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक वर्ष आय-व्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

११. **आपतकालिन तथा जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछन् :-**

क) जोखिमपूर्ण श्रममा संलग्न रहेका,
ख) यौनशोषण, यौन दुरव्यवहार, बेचविखन तथा ओसार पसारमा परेका,
ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुरव्यवहारबाट पिडित,
घ) अपाङ्गता  भएका,
ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,
च) हिंसाबाट प्रभावित एवं पिडित भएका,
छ) हरायको वा वेवारिसे अवस्थामा फेला परेको,
ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ति श्रममा लगाई पिडित भएका,
झ)बाबु आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसुरसंग सम्बन्धीत रहेको बेवारिसे भएका,
ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका,
ट) सुस्त मनस्थीति भएका,
ठ) अपहरण वा शरीर बन्धकमा परेका,
ड) सडक बालबालिका,
ढ) एच.आई.भि. संक्रमित तथा प्रभावित भएका,
ण) समितिले तोकेको अन्य बालबालिका ।

१२. **निवेदन दिन सक्ने :**

क) यस कार्यविधिको ११ नं. बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी केदारस्यूँ गाउँपालिका वा सम्बन्धित वडाहरु मा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले गाउँपालिका वा वडा बाल अधिकार संरक्षण समितिको कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।
ख) बालबालिकाको नागरिकता वा जन्म दर्ताको फोटोकपी ।
ग) वडाको सिफारीस ।
घ) पिडक बालबालिकाको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।

१३. **खाताको सञ्चालन :** आपतकालिन बाल कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त क,ख वर्गको बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ । यो खाता प्रमुख प्रशासकिय अधिकृत र

महिला तथा बालबालिका शाखा प्रमुखको संयुक्त हस्ताक्षरमा खाता सञ्चालन हुनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुवै प्रकारको खातामा खोल्न सकिनेछ .

१४. **कोषको रकम फ्रिज नहुने :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१५. **खर्चको सिमाः** कोषको जम्मा भएको रकम मध्य न्युनतम ५० प्रतिशत रकम खर्चहुनु भन्दा अगाडि नै श्रोतको खोजी गर्नुपर्नेछ । कोषको न्युनतम २० प्रतिशत रकम मौज्दात रहनुपर्नेछ ।

१६. **कार्यविधिको व्याख्या तथा संशोधन :** यस कार्यविधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा सञ्चालक समितिको व्याख्या नै अन्तिक निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरुसंग छलफल गरी उनीहरुको सहमतिमा संशोधन गर्न सकिनेछ ।

१७. **कोष खारेज हुन सक्ने अवस्थाः** कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्राप्त कारणहरु सहित सञ्चालक समिति र गाउँपालिका वा वडा समितिको संयुक्त निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिका वडा संरक्षणको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

केदारस्युँ गाउँपालिका आपतकालिन बाल कोष गठन तथा सञ्चालन २०८०